वर्षः १ अंकः १ भाद्र, २०७७

# चन्द्रकोट बुलेटिन

ई–मासिक

चन्द्रकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

५ नं. प्रदेश, नेपाल

# बिषय सुची


| क्र.स. | विवरण | पेज नं. |
|---|---|---|
| १. | गाउँपालिकाको परिचय | १ |
| २. | भौगोलिक विभाजन र सिमाना | १ |
| ३. | राजनैतिक बिभाजन तथा सिमाना | २ |
| ४. | भौगोलिक अवस्था र सिमाना | २ |
| ५. | जनसंख्या, परिवार संख्या र औसत आकार | २ |
| ६. | दरवन्दी संरचना | ३ |
| ७. | श्रावन महिनामा गरिएको मुख्य क्रियाकलापहरु | ३ |
| ८. | शाखागत कार्य सम्पादन | ६ |
| ९. | चन्द्रकोट गाउँपालिका र अन्तर्गतका कार्यालयबाट सम्पादन भएका विभिन्न कार्यहरुको मासिक प्रगति विवरण | १९ |
| १०. | कर्मचारीको हाजिरी, तथा विदा सम्बन्धी विवरण | २५ |
| ११. | चन्द्रकोट गाउँपालिका भित्रका जनप्रतिनिधिहरुको विवरण | २७ |
| १२. | चन्द्रकोट गाउँ पालिका भित्रका कर्मचारीहरुको  विवरण | २९ |

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
५ नं. प्रदेश नेपाल



# शुभकामना

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयअनुसार मासिक रुपमा प्रकाशित हुन लागेको यस चन्द्रकोट बुलेटिन इ-मासिक पत्रिकामा गाउँपालिकाको सम्पूर्ण गतिविधि समावेश गरिएको छ।जनताको सवैभन्दा नजिकको र प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकारका सम्पूर्ण गतिविधिलाई समेटेर नागरिकहरुलाई सुसूचित बनाउनको लागि चन्द्रकोट बुलेटिन ई-मासिक प्रकाशन गरिएको हो। यस मासिक बुलेटिनमा गाउँपालिकाको मासिक क्रियाकलाप, विवरण तथा शाखागत मासिक कार्यसम्पादन समावेश गरिएको छ। स्थानीय सरकारका हरेक गतिविधि आम नागरिकहरु सम्म पुग्ने विश्वास लिएको छु। "हरेक क्षेत्रमा सवैको क्रियाशिलाता, सवल एवम सक्षम चन्द्रकोट, भ्रष्टचारमा शुन्य सहनशीलता" मूल मन्त्रलाई अवलम्व गर्दै अहोरात्र जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरु खटिनु भएको छ। यस गाउँपालिकाबाट भएका बिभिन्न गतिविधिको बारेमा राय तथा सुझाबको अपेक्षा गर्दछु। यस बुलेटिनले गाउँपालिकावासी नागरिकहरु तथा सरोकारवालालाई सुसूचित बनाउनेछ भन्ने अपेक्षा लिदै चन्द्रकोट बुलेटिन ई-मासिक सफलताको शुभकामना व्यक्त गर्दछु।

(द्रोण वहादुर खत्री)
अध्यक्ष



# प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक रुपमा गाउँपालिकालाई समृद्ध बनाउने लक्ष्यमा यस गाउँपालिकाका अध्यक्ष ज्यू, उपाध्यक्षज्यू, वडाध्यक्षज्यूहरु लगायत सम्पूर्ण जनप्रतिनीधिहरु तथा कर्मचारीहरु दृढ आत्मविश्वासको साथ समृद्ध गाउँपालिका निर्माणमा जुटिरहेका छौं। चन्द्रकोट गाउँपालिकाको आर्थिक बर्ष ०७४।०७५ को नीति तथा कार्यक्रम मार्फत नै गाउँपालिकामा सुशासन कायम गर्नका लागि भ्रष्टाचार शून्य सहनशीलताको नीति अवलम्बन गरिएको छ। यसै अवधारणालाई मध्यनजर राख्दै जनप्रतिनिधि र कर्मचारीको संयोजन, सहकार्य र समन्वयबाट गाउँपालिकामा सुशासन कायम गर्दै गुणस्तरीय एवं पारदर्शी सेवा प्रवाहको लागि अहोरात्र खटिएको अवस्था रहेको छ।

चन्द्रकोट गाउँपालिकाले संचालन गरेका विभिन्न गतिविधिहरुको जानकारी सम्बन्धित सरोकारवालाहरुलाई उपलब्ध गराउँदा सबैले सूचना पाउने संवैधानिक हकको प्रत्याभूति हुने र सूचनाको हक सम्बन्धी ऐन,२०६४ तथा नियमावली, २०६५ कार्यान्वयन गर्नका लागि गाउँपालिकाले मासिक रुपमा चन्द्रकोट बुलेटिन नामक ई-मासिक प्रकाशन गर्न लागेको छ। गाउँपालिकाका विभिन्न शाखा, ईकाइहरु तथा वडा कार्यलयहरुबाट सम्पादित कार्यहरुको बारेमा सबैलाई सुसूचित गरी कर्मचारीलाई जिम्मेवारीबोध तुल्याउँदै पारदर्शिता, जवाफदेहिता उन्मुख गराई प्रभावकारी सेवा प्रवाहको लागि मासिक पत्रिका प्रकाशनले सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु। आगामी दिनहरुमा यसलाई अझै परिस्कृत रुपमा प्रकाशन गर्नका लागि चन्द्रकोट गाउँपालिकाका सम्पूर्ण नागरिक/सेवाग्राहीहरुको अमूल्य सल्लाह, सुझाव एवं पृष्ठपोषण प्राप्त हुनेछ भन्ने अपेक्षाका साथ सबैको साथ र सहयोगका लागि अनुरोध गर्दछु।

२०७८।०५।२८
(कृष्ण प्रसाद भण्डारी)

प्रमुख प्रशासकीय अधिकृत

## गाउँपालिकाको परिचय

स्थानीय तह निर्धारण तथा सिफारिस आयोग, २०७३ को सिफारिसका आधारमा नेपाल सरकारले बि.सं. २०७३ फागुन २७ गते संघीय गणतन्त्रात्मक राज्य नेपाललाई ७५३ वटा स्थानिय तहहरुमा विभाजन गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको छ। सोही अनुसार ५ नम्बर प्रदेशअन्तर्गतको गुल्मी जिल्लामा पर्ने एक स्थानीय तह चन्द्रकोट गाउँपालिका हो । प्रसिद्ध चन्द्रकोट, दिव्रुङ्ग, चक्रेश्वर जस्ता ऐतिहासिक एवम् धार्मिक पहिचान बोकेको र टिमुरे ताल, दह ताल, अर्जेवाको प्राकृतिक झरनाका साथसाथै थुप्रै नदिनाला, वनजंगल, प्राकृतिक सम्पदा, हुग्दी खोला हाइड्रोपावर विकासका परियोजना जस्ता सौन्दर्यले भरिपूर्ण पर्यटकीय विकासको सम्भावना रहेको छ । यस गाउँपालिकाको नामाकरण प्रसिद्ध ऐतिहासिक स्थल चन्द्रकोटको नामबाट गरिएको हो।

नौविस चन्द्रकोट भनी चिनिने प्राचीनकालीन चन्द्रकोट राज्य, मध्यकालीन गुल्मी राज्य धैरेनीबाट करिव ५६ किलोमिटर पूर्वोत्तर महाभारत पर्वतको मध्यखण्डमा अवस्थित छ । प्राचीन राज्य चन्द्रकोटको पूर्वमा मध्यकालीन भुरे राज्य दुर्लुङ्ग (कालीपार) पश्चिम इस्मा धुर्कोट अर्घातोष , उत्तरमा गल्कोट अनि दक्षिणमा गुल्मी र कार्कीकोट राज्य पर्दथे । हालको बरेङ्ग गाउँपालिकामा पर्ने तङराङ्ग भन्ने स्थानमा राजधानी स्थापना गरी राज्य संचालन गर्थे भने राजधानीको सामाजिक दृष्टिकोणबाट महत्पूर्ण स्थान हेरी ५ किलोमिटर पश्चिममा पर्ने हालको चन्द्रकोटमा कोट बनाएर हातहतियार राख्ने स्थान बनाएको इतिहास रहेको छ ।

यस गाउँपालिकामा मूख्यतया ब्राहम्ण, क्षेत्री, मगर, नेवार, गुरुङ, विश्वकर्मा र कुमाल जातजातीहरुको बसोवास रहेको छ। यहाँ बसोबास गर्ने समुदायको मुख्य आम्दानीको स्रोतहरु कृषि, पशुपालन, बैदेसिक रोजगार र व्यापार रहेको पाइन्छ ।

## भौगोलिक विभाजन र सिमाना

चन्द्रकोट गाउँपालिकाको भौगोलीक अवस्थालाई नियाल्दा यो २८°०६'३६.४"उत्तरी अक्षाश र ८३°२४'५१.३" पूर्वी देशान्तरमा पर्दछ । गुल्मी जिल्लामा अवस्थित यस गाउँपालिकाको पूर्वमा गुल्मी जिल्लाकै कालीगण्डकी गाउँपालिका, पश्चिममा सत्यवती गाउँपालिका र छत्रकोट गाउँपालिका, उत्तरमा बागलुङ जिल्लाको बरेङ्ग गाउँपालिका र दक्षिणमा गुल्मी जिल्लाकै मुसिकोट नगरपालिका र गुल्मीदरबार गाउँपालिका पर्दछन । यस गाउँपालिकाको क्षेत्रफल १०५.७३ वर्ग कि.मी.छ । २०६८ को जनगणनाअनुसार चन्द्रकोट गाउँपालिकाको कुल जनसंख्या २१८२७ छ । नेपाल सरकारको मिति २०७३ फागुन २७ मा प्रकाशित राजपत्रअनुसार साविक दिव्रुङ्ग, बिशुखर्क, हराचौर, शान्तिपुर, ग्वाघा, हरेवा, रूपाकोट र तुराङ्ग गा.वि.स. गरि ८ वटा गा.वि.स. मिली बनेको यस गाउँपालिकालाई ८ वटा वडामा विभाजन गरिएको छ। चन्द्रकोट गाउँपालिकाको कार्यालय साविक शान्तिपुर गा.वि.स. हाल चन्द्रकोट-४ शान्तिपुरस्थित चन्द्रकोट क्याम्पसको नयाँ भवनमा अवस्थित छ।

## राजनैतिक बिभाजन तथा सिमाना

**प्रदेश नं. :-५**
**जिल्ला :** गुल्मी
**गाउँ कार्यपालिकाको कार्यालय :** चन्द्रकोट
**वडा संख्या :** ८

## भौगोलिक अवस्था र सिमानाः

क्षेत्रफलः १०५.७३ वर्ग कि.मि
पूर्व : कालीगण्डकी गाउँपालिका,
पश्चिम : सत्यवती गाउँपालिका र छत्रकोट गाउँपालिका
उत्तरः बाग्लुङ जिल्लाको बरेङ्ग गाउँपालिका
दक्षिणः मुसिकोट नगरपालिका र गुल्मीदरबार गाउँपालिका

## जनसंख्या, परिवार संख्या र औसत आकार


यस गाउँपालिका भित्र बसोबास गर्ने जनसंख्यामध्ये विभिन्न जातजातिहरु वडागत रुपमा निम्न बमोजिम छ ।

| वडा नं. | जम्मा परिवार संख्या | जनसंख्या | | | परिवारको औसत आकार |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | |
| १ | ४५१ | २०८२ | ८९९ | ११८३ | ४.६२ |
| २ | ५३७ | २४१३ | १०४२ | १३७१ | ४.५० |
| ३ | ४४४ | १८२९ | ७९७ | १०३२ | ४.१२ |
| ४ | ९१० | ३८६५ | १७१० | २१५५ | ४.२५ |
| ५ | ५०४ | २३२९ | ९८९ | १३४० | ४.६२ |
| ६ | ४३६ | १८६९ | ७९८ | १०७१ | ४.२९ |
| ७ | ८७८ | ३५१८ | १४४६ | २०७२ | ४.०० |
| ८ | ९६१ | ३९२२ | १७१४ | २२०८ | ४.०८ |
| जम्मा | ५१२१ | २१८२७ | ९३९५ | १२४३२ | ४.३० |

### जनसंख्या

२०६८ को जनगणनाअनुसार चन्द्रकोट गाउँपालिकाको कुल जनसंख्या २१८२७ छ।सो मध्ये १२४३२ महिला र ९३९५ पुरुष छन् भने गाउँपालिकाले तयार गरेको वास योजनाको सवेक्षण गर्दा जम्मा जनसंख्या २५८४६ मध्ये १३१९३ पुरुष र १२६५३ महिला रहेको छ ।

## दरवन्दी संरचना :




## श्रावन महिनामा गरिएको मुख्य क्रियाकलापहरुः

**१. कोभिड १९ नियन्त्रण तथा रोकथाम सम्बन्धी प्रयास :**

विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सम्बन्धी उल्लेखनीय प्रयास भएका छन् जसमध्ये स्वास्थ्य, शिक्षा, Random Swab Collection सम्बन्धी छलफल, गाउँपालिकाबाट संचालनमा रहेका क्वारेन्टाइनहरुको अनुगमन तथा विभिन्न सरोकारवाला निकायसँग छलफल गरी आगामी रणनीति तयार गरिएको छ ।

श्रावन महिनासम्म कोरोना भाइरस रोकथाम तथा नियन्त्रणमा भएका प्रयासहरु

क. जम्मा RDT संख्या : ५२०

ख. जम्मा PCR संख्या : ६४

ग. जम्मा PCR positive : २५


घ. जम्मा सक्रिय संक्रमित संख्या : ०






## २. सुत्रमा बजेट अध्यावधिकः

स्थानीय आर्थिक कार्यप्रणाली, लेखांङ्कनको आधार एवम ढाचा र पद्दतिमा एकरुपता कायम गरी सरल र व्यवस्थित बनाउने उदेश्यले नेपाल सरकार , अर्थ मन्त्रालयले बिकास गरेको SuTRA सफ्टवेयरमा चालु आ.व. का सम्पूर्ण वार्षिक कार्यक्रमहरु प्रविष्ट सम्पन्न गरी लेखाङ्कनको आधार तयार गरिएको छ।




## ३. सामाजिक सुरक्षा भत्ता पाउने लावग्राहीहरुको नवीकरण:

नेपाल सरकार गृह मन्त्रालय, सामाजिक सुरक्षा तथा पन्जिकरण विभागद्वारा निर्देशित ऐन कानुन तथा निर्देशिकाको पालना गरी यस गाउँपालिका भित्रका लाभग्राहीहरुको बिवरण अध्यावधिक तथा नवीकरण गरिएको छ ।




## ४. कोभिड-१९ कृषि विशेष कार्यक्रमको अनुगमन :

प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश न. ५ बाट संचालित कोभिड-१९ को कारण विदेश बाट फर्किएका तथा व्यवसायमा आधारित लगभग २०० कृषक लाभान्वित भएका छन । सबै कृषकहरुको घरदैलोमा गई स्थलगत अनुगमन गरी आवश्यक सुझाव दिइएको छ ।





## शाखागत कार्य सम्पादन

**१. प्रमुख प्रशासकीय अधिकृतः**

नेपालको सविधान (२०७२) जारी भई सोही आधारमा रही नेपाललाई तीन तहको राजनैतिक संरचना संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरियो। स्थानीय तह संचालनको मुख्य ऐन राष्टपतिबाट प्रमाणित भई लागु भएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-११ को दफा ८४ बमोजिम प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्था भएअनुसार चन्द्रकोट गाउँपालिकामा एक प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी रहेको छ।यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कार्य सोही दफामा उल्लेखित व्यवस्था अनुरुप प्रमुख प्रशासकीय अधिकृतबाट सम्पादित हुदै आएको छ र हाल चन्द्रकोट गाउँपालिकामा रा. प.तृतीय श्रेणीका अधिकृत श्री कृष्ण प्रसाद भण्डारी प्रमुख प्रशासकीय अधिकृतका रुपमा रहनु भएको छ।चन्द्रकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार स्थानीय सञ्चालन ऐन अनुसार देहाय बमोजिम रहेका छन् ः-

१. सभा र कार्यपालिकाको सचिवको रुपमा कार्य गर्ने,

२. सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने/ गराउने,

३. अध्यक्ष वा प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यन्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने/ गराउने,

४. कोष तथा आर्थिक कारोबारको हिसाब तथा अभिलेख दुरुस्त राख्ने, राख्न लगाउने, लेखापरीक्षण गराउने तथा बेरुजु फछयौट गर्ने/गराउने,

५. आयोजनाहरुको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने,

६. गाउँपालिका वा नगरपालिकाको चलअचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने/ गराउने,

७. अध्यक्ष वा प्रमुखको निर्देशनमा कार्यपालिका तथा सभाको बैठक बोलाउने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने/ गराउने,

८. कार्यपालिकाको निर्णय प्रमाणित गर्ने र सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित गर्ने,

९. न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णय सम्बन्धी मिसिल संरक्षण गर्ने/ गराउने,

१०.गाउँपालिकाको प्रशासकीय तथा आर्थिक नियन्त्रण गर्ने,

११.सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने/ गराउने,

१२.सभा वा कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने/गराउने,

१३. प्रशासकीय अन्य आवश्यक कार्य गर्ने/ गराउने।

## २. प्रशासन योजना तथा अनुगमन शाखा

चन्द्रकोट गाउँ कार्यपालिकाको समग्र प्रशासनिक व्यवस्थालाई प्रभावकारी वनाउनका लागि एक प्रशासन योजना तथा अनुगमन शाखा रहेको छ। जसमा प्रशासन इकाई, राजश्व इकाई, योजना तथा अनुगमन इकाई, कानुनी मामिला इकाई रहेका छन्। जसअन्तर्गत प्रशासन इकाईले कर्मचारीहरुको दैनिक हाजिरी अध्यावधिक गर्ने/गराउने, विभिन्न किसिमका अभिलेखहरु राख्ने, कर्मचारीहरुको नियुक्ति/सरुवा/अवकासका लागि आवश्यक प्रकृया गर्ने, विविध प्रकारका टिप्पणीहरु तयार गर्ने, चिठीपत्र दर्ता चलानी गर्ने विभिन्न संघीय तथा प्रादेशिक मन्त्रालय, विभाग एवं जिल्ला स्थित सरकारी र अन्य निकायहरुबाट आएका पत्रहरुको प्रत्युत्तर तथा सिफारिस पत्रहरु तयार गर्ने कामहरु गर्ने जिन्सी इकाईमार्फत कार्यालयको जिन्सी सामानहरुको व्यवस्थापन गर्ने, जिन्सी दाखिला तथा अभिलेखीकरण, कानुनी मामिला इकाईमार्फत फिरादपत्र, उजुरी, निस्सा, कानुनी कारवाहीका लागि न्यायिक समितिमा पठाउने लगायतका तोकिएका कामहरु गर्ने, राजश्व इकाईमार्फत गाउँपालिकाभित्रका राजश्व सम्बन्धी कामहरु गर्ने/गराउने, वडाहरुको विभिन्न विवरण अध्यावधिक गर्ने, विभिन्न विकास योजनाहरुको संझौता, फरफारकका लागि टिप्पणी तयार गर्ने, योजना अनुगमनमा सदस्य-सचिव भई शाखाले अनुगमन कार्यमा सहभागी हुने लगायतका विभिन्न कार्यहरु गर्नेदकामका लागि यो शाखा क्रियाशिल रहेको छ। जस अन्तर्गत निम्न कर्मचारीहरु कार्यरत छन्

१. शिवप्रसाद ज्ञवाली - अधिकृत छैठौं - शाखा प्रमुख
२. भिमप्रसाद सापकोटा - सहायक पाँचौं - इकाई प्रमुख (योजना/जिन्सी)
३. संगीता भट्टराई — सहायक पाँचौ (लेखा)- इकाई प्रमुख (राजश्व)
४. यमकुमारी राना- सहायक पाँचौ- इकाई प्रमुख (कानुनी मामिला/प्रशासन)
५. सुमित्रा भण्डारी- कम्प्यूटर अपरेटर- प्रशासन इकाई

**शाखाअन्तर्गत श्रावण महिनामा भएका मुख्य क्रियाकलापहरु**

आर्थिक वर्षको सुरुवाती महिना भएकोले यस शाखासँग सम्बन्धित केही क्रियाकलापहरु मात्र भएका छन् जसलाई इकाईगत रुपमा उल्लेख गरिएको छः-

**क. प्रशासन इकाईमार्फत भएका कार्यहरुः**

१. गत आर्थिक वर्षका प्रशासनिक फाईलहरुको व्यवस्थापन तथा नयाँ आर्थिक वर्षका विभिन्न पत्रहरुलाई सुरक्षित राख्नका लागि फाइलहरुको व्यवस्थापन
२. कर्मचारीहरुको दैनिक हाजिरी अद्यावधिक
३. कर्मचारीहरुको विदा तथा काज भ्रमण अभिलेखीकरण
४. विभिन्न किसिमका ८५ वटा पत्रहरु दर्ता र १२० वटा पत्रहरु चलानी
५. विभिन्न प्रकारका ७ वटा सूचनाहरु प्रकाशन
६. राजपत्र प्रकाशन

**ख. राजश्व इकाईमार्फत भएका कार्यहरु**

१. आर्थिक वर्षको आर्थिक तथा सम्बद्ध ऐनहरुको अध्ययन

२. गाउँ कार्यपालिकामार्फत हुने राजश्व सम्बन्धी क्रियाकलाप

३. गाउँ कार्यपालिका तथा वडा कार्यालयबाट प्राप्त राजश्वहरुको अभिलेखीकरण, बैंक दाखिला तथा मासिक प्रतिवेदन तयार

**ग. योजना तथा अनुगमन इकाईमार्फत भएका कार्यहरु**

१. चन्द्रकोट गाउँपालिका वडा नं.-४ शान्तिपुर तथा वडा नं.-८ मजुवामा बजार अनुगमन

२. गत आर्थिक बर्षका फाइलहरुको व्यवस्थापन तथा चालु आर्थिक वर्षका लागि योजना तथा अनुगमनका विभिन्न फरमेटहरु तयार

**घ. कानुनी मामिला इकाईमार्फत भएका कार्यहरु**

१. आर्थिक वर्ष २०७६/०७७ मा दर्ता भई बाँकी रहेको मुद्धालाई सम्बन्धित वडाको मेलमिलाप केन्द्रमा पठाई मिलापत्र गर्ने काम

२. आर्थिक वर्ष २०७६/०७७ मा दर्ता भई बाँकी रहेको मुद्धालाई सम्बन्धित वडाको मेलमिलाप केन्द्रमा पठाई मिलापत्र गर्ने काम

३. गाउँपालिकामा दर्ता हुन आएका मुद्दाको दर्ता तथा न्यायिक निरुपणको कार्ययोजना निर्माण

४. गाउँपालिका स्तरीय न्यायिक इजलास कक्षको निर्माणको तयारी

**ङ. जिन्सी तथा भण्डारण इकाईमार्फत भएका कार्यहरु**

१. गत आर्थिक वर्ष २०७६/०७७ को जिन्सी खाता मिलान तथा Closing.

२. जिन्सी निरीक्षण प्रतिवेदन तयार

३. चालु आर्थिक वर्षको नयाँ जिन्सी खाता व्यवस्थापन

४. जिन्सी श्रेस्तालाई थप व्यवस्थित बनाउन प्रयोजनार्थ विविध कार्यहरु

५. कार्यालयका आवश्यक मसलन्द सामाग्री खरिद

६. वार्षिक खरिद योजना तयारी

**३. आर्थिक प्रशासन शाखा :**

चन्द्रकोट गाउँपालिकाको गाँउ सभाबाट पारित भई अध्यक्षज्यूबाट प्रमुख प्रशासकीय अधिकृतलाई विभिन्न शाखा तथा वडा कार्यालयहरुलाई प्राप्त बजेट अख्तियारी अनुसार कार्यक्रम बनाउने, बजेट निकासा गर्ने, नियमाअनुसार खर्च गर्ने, त्यसको अभिलेख राख्ने, खर्च गरिएका कारोबारहरुको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने एवं लेखा परीक्षणबाट औंल्याईएका बेरुजुलाई फछ्र्यौट गर्नको लागि आवश्यक कागजात तथा प्रमाणहरु जुटाउने उद्देश्यले यस गाउँपालिकामा आर्थिक प्रशासन शाखा संचालनमा रहेको छ। यस शाखाले गाउँपालिकामा हुने सम्पूर्ण आर्थिक कारोबारका विवरण तथा श्रेस्ता बनाई प्रमाणित गरी सुरक्षित राख्ने, संरक्षण गर्ने कार्य गर्दछ। प्रचलित कानुनको अधिनमा रही वित्तीय अनुशासनलाई कायम गर्दै आर्थिक एवं वित्तीय जवाफदेहीताको पालना गर्ने र त्यसका लागि आवश्यक राय सुझाव समेत प्रदान गर्दछ।

विभिन्न किसिमका कर तथा आम्दानीका विभिन्न कार्यक्रमको तयारीका लागि यस शाखाको महत्वपूर्ण भूमिका रहेको छ ।

**कर्मचारी विवरण :**

यस शाखामा निम्न कर्मचारीहरु रहेका छन् ।

१.बशन्त रिजाल- लेखा प्रमुख (अधिकृत छैठौं)

२.संगीता भट्टराई- सहायक पाचौं (लेखा)

**शाखाका काम ,कर्तव्यहरु :**

१. विनियोजित रकम खर्च भएकोमा आ.ले.प. तथा लेखा परीक्षण गराउने,
२. आर्थिक विवरण तयार पारी स्वीकृति भएपछि सम्वन्धित निकायमा पठाउने,
३. विभिन्न प्रकारका बेरुजु फर्छ्यौट सम्वन्धमा आवश्यक प्रमाण जुटाई बेरुजु फर्छ्यौटसम्बन्धी कार्य गर्ने गराउने,
४. नयाँ आ.व.को लागि बजेटको तयारीका लागि आर्थिक विषयमा सुझाव/राय प्रदान गर्दै बजेट छलफलमा भाग लिने,
५. गाँउपालिका र मातहतका शाखाहरुमा आर्थिक सुशासन कायम हुने आवश्यक व्यवस्था मिलाउने,
६. कारोबारहरुलाई मितव्ययी तथा पारदर्शी बनाई आर्थिक तथा वित्तीय जवाफदेहिता कायम गर्ने।
७. कारोबारहरुको लेखाङ्कन तथा कागजातहरुको संरक्षण गर्ने ।
८. विभिन्न किसिमका आर्थिक प्रतिवेदनहरु तयारी गर्ने ।

**श्रावण महिनामा यस शाखाबाट गरिएका कार्यहरु :**

१. आ.व २०७६/०७७ मा गरिएका कारोबार तथा खर्च गरिएका सम्पूर्ण कागजात तथा प्रमाणहरुलाई व्यवस्थित गरी अभिलेख गरिएको ।
२. आर्थिक प्रशासनसँग सम्बन्धित वैठकमा सहभागी भएको ।
३. आर्थिक तथा वित्तीय जवाफदेहीता कायम राख्नको लागि सम्पुर्ण कामहरुको आ.ले.प को तयारी गरेको।
४. विगतका वर्षहरुमा औल्याइएका बेरुजुलाई फछ्यौंट गर्नका लागि कागजात तथा प्रमाणहरु जुटाएको।
५. आर्थिक वर्ष २०७६/७७ मा खिचिएका चेकहरुलाई समयमै सटही गराउन चेकहरुको विवरण तयार गरी गाउँपालिकाको खाता रहेको बैकमा उपलब्ध बनाएको।
६. विभिन्न किसिमका कर दाखिला गरी अभिलेख सुरक्षित राखेको ।
७. बैक नगदी हिसाब मिलान गरी प्रतिवेदन सुरक्षित राखेको ।
८. बाँकी बचेको रकमलाई निक्यौल गरी फिर्ता गर्ने व्यवस्था मिलाइएको ।
९. SuTRA software मा वजेट Entry गरिएको ।

### ४. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा :

चन्द्रकोट गाउँ कार्यपालिकाको समग्र पूर्वाधार विकास तथा वातावरण व्यवस्थापनलाई प्रभावकारी वनाउनका लागि एक पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा रहेको छ। यसले समग्रमा निर्माण तथा मर्मत कार्यमा सहयोग गर्ने गर्दछ। भौतिक पूर्वाधार निर्माणमा जिल्ला तथा स्थानीय दररेटको निर्धारण गरी सोही बमोजिम आफ्नो कार्य अगाडि वढाउने गर्दछ। यस शाखा अन्तर्गत सडक तथा पूर्वाधार विकास इकाई, भवन तथा मापदण्ड कार्यान्वयन इकाई, वातावरण सरसफाई तथा विपद् व्यवस्थापन इकाईहरु रहेका छन् ।जस अन्तर्गत सडक तथा पूर्वाधार इकाईले गाउँपालिकाभित्रका समग्र सडक पूर्वाधारहरुको व्यवस्थापन, निर्माण कार्यमा प्राविधिक सहयोग, लागत अनुमान तयारी, फिल्ड अनुगमन, निर्माण कार्यमा प्राविधिक सहयोग तथा मूल्याङ्कन लगायतका कामहरु गर्ने गर्दछ। यसै गरी यस शाखाअन्तर्गत रहेको भवन तथा मापदण्ड कार्यान्वयन इकाईले गाउँपालिकाभित्रका भवनहरुको निर्माण कार्यको क्रममा मापदण्ड अनुरुप वनाउन सहयोग तथा निर्देशन गर्ने, गाउँपालिकाको भौगोलिक बनावटअनुसारको मापदण्ड निर्धारण तथा कार्यान्वयन गर्ने गर्दछ। यसै शाखाअन्तर्गत रहेको वातावरण सरसफाइ तथा विपद् व्यवस्थापन इकाईले कुनै निर्माण कार्य गर्नुभन्दा पहिले दीगो विकासको अवधारणालाई कार्यान्वयन गर्दछ। यसै गरी वातावरणीय प्रभाव मूल्याङ्कन गरी भौतिक निर्माण कार्यमा सहजता ल्याउन भूमिका खेल्दछ। गाउँपालिकाभित्र कुनै मानवीय तथा प्राकृतिक विपत्तिका कारण हुने जनधनको क्षतिलाई न्यूनीकरण तथा भएको क्षतिमा राहत पिडितहरुको निवेदन संकलन गरी सरोकारवाला निकाय समक्ष राहतको लागि सहजीकरण गर्ने गर्दछ। जसमा निम्न कर्मचारीहरु कार्यरत रहेका छन्

१. युवराज पन्थी - ईन्जिनियर- शाखा प्रमुख
२. शंकर प्रसाद मण्डल- सव-ईन्जिनियर
३. अस्मित गौतम- सव- ईन्जिनियर
४. विवेक भण्डारी- अ.सव- ईन्जिनियर
५. राधा खत्री क्षेत्री- अ.सव- ईन्जिनियर
६. लिल बहादुर काला- अ.सव- ईन्जिनियर
७. सुरेश न्यौपाने- खा.पा.स.टे.- इकाई प्रमुख(विपद् व्यवस्थापन इकाई)

**क. सडक तथा पूर्वाधार विकास इकाईमार्फत भएका मुख्य कार्यहरु**

१. आर्थिक वर्ष २०७६/०७७ मा काम पुरा हुन नसकी कार्यपालिकाबाट म्याद थप भएका योजनाहरुको स्थलगत अवलोकन तथा सुपरीवेक्षण
२. शाखाअन्तर्गतका कर्मचारीहरुको कार्य विभाजन
३. वर्षातका कारण अवरुद्द भएका सडकहरु मर्मतका लागि लागत अनुमान तयार तथा कामको अनुगमन
४. विभिन्न परियोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी
५. चालु आर्थिक वर्षका योजनाहरुको सफल कार्यान्वयनका लागि विभिन्न मार्गचित्र निर्माण
६. जिल्ला दररेटअनुसार स्थानीय दररेट तयारीका लागि आवश्यक कार्य

७. अन्य पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन सम्बन्धी कार्यहरु

**ख. भवन तथा मापदण्ड कार्यान्वयन इकाई**

१. जिल्ला दररेट अनुसार भवन निर्माणको लागि स्थानीय दररेट तयारीको आवश्यक कार्य
२. यससँग सम्बन्धित आयोजनाहरुको ठेक्का प्रकृयाका लागि आवश्यक गृहकार्य तथा कार्ययोजना निर्माण
३. RCC भवनको अनिवार्य नक्सापासको लागि आवश्यक छलफल तथा मापदण्ड तयारी।

**ग. वातावरण सरसफाई तथा विपद् व्यवस्थापन इकाई**

१. विपद् मा परेका नागरिकहरुको घरको अवलोकन।
२. वर्षातको कारण असर पुग्न गएका सार्वजनिक स्थानहरुको अभिलेखीकरण।
३. पहिरोका कारण विस्थापित हुन पुगेका परिवारलाई राहतको पहलका लागि सरोकारवाला निकायसमक्ष लेखी पठाएको
४. वायो ईन्जिनियरिङ्ग सम्बन्धी आवश्यक कार्ययोजना तयारी।

**५. सामाजिक विकास शाखा**

चन्द्रकोट गाउँ कार्यपालिकाको समग्र सामाजिक विकासको तथा सोसँग सम्बन्धित कार्यहरुको व्यवस्थापनलाई प्रभावकारी वनाउनका लागि एक सामाजिक विकास शाखा रहेको छ। यसले गाउँपालिकाभित्रका नागरिकहरुप्रतिको स्थानीय सरकारको उत्तरदायित्व वहन गराउनका लागि महत्वपूर्ण सहयोग गर्दछ। नागरिकहरुको जन्मदेखिको मृत्युसम्मको सम्पूर्ण सरकारी श्रेस्ता तयार तथा प्रमाणित गर्ने, पछाडि पारिएका, अल्पसंख्यक तथा विपन्न नागरिकहरुको लागि क्षमता विकास लगायतका कार्यक्रमहरु संचालन गर्ने, महिला तथा बालवालिकाहरुको हितअनुकूलका कार्यक्रमहरु संचालन गर्ने, फरक क्षमता भएका नागरिकहरुको विवरण अध्यावधिक गरी उनीहरुलाई परिचयपत्रको व्यवस्था गर्ने, जेष्ठ नागरिकहरुको सामाजिक उत्तरदायित्व वहन गर्ने तथा गराउने कार्यमा सहजीकरणका साथै उल्लेखित नागरिकहरुको संरक्षण तथा हितअनुकूलका योजना तथा बजेट एवं कार्यक्रमहरु कार्यान्वयन गर्ने कामहरु गर्दै आएको छ। गाउँपालिकाकोतर्फबाट हुने सार्वजनिक हित तथा संरक्षणका लागि समेत कार्य गर्नका स्थापित यस शाखा अन्तर्गत देहायका कर्मचारीहरु रहेका छन्

१. भुवन बहादुर वस्नेत- अधिकृत छैठौं — प्रमुख
२. यमकुमारी राना- सहायक पाँचौ- इकाई प्रमुख
३. पवन पोखेल- एम.आई.एस. अपरेटर
४. यम बहादुर के.सी- फिल्ड सहायक

**यस शाखा अन्तर्गत श्रावण महिनामा भएका मुख्य कामहरुः**

**क. महिला बालवालिका तथा समाज कल्याण इकाईतर्फः**

१. ८ जना फरक क्षमता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र वितरण।
२. महिला, बालबालिका तथा जेष्ठ नागरिकका साथै लक्षित समूहहरुका लागि बनेका नीति तथा कार्यक्रमका सम्बन्धमा छलफल।
३. विभिन्न कार्यगत फाइल निर्माण तथा पुराना आ.व. का फाईलिङ्ग व्यवस्थापन।

**ख. सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाईतर्फः**

१. सामाजिक सुरक्षा नवीकरणका लागि डाटा इन्ट्री।

२. प्रत्येक वडामा फरमेटहरु उपलब्ध गराई सो सम्बन्धी आवश्यक जानकारी प्रदान।

३. विभिन्न वडाहरुमा जन्म, विवाह, बसाईसराई, मृत्युदर्ता प्रमाणित।

४. विभिन्न कार्यगत फाइल निर्माण तथा पुराना आ.व. का फाईलिङ्ग व्यवस्थापन।

**६. शिक्षा, युवा तथा खेलकुद शाखा**

चन्द्रकोट गाउँपालिकाभित्रको समग्र शिक्षा, युवा तथा खेलकुदको क्षेत्रलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकारको स्थानीय तहको संगठनात्मक ढाँचाअनुरुप एक शाखाको रुपमा शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ। यस शाखाबाट स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेखित आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी विभिन्न काम, कर्तव्य र अधिकारमध्येका कार्यपालिकाद्वारा प्रत्यायोजित एवम् गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीमा व्यवस्थाभएबमोजिमका कार्यहरु सम्पादित हुने गर्दछन्। यसका साथै युवा तथा खेलकुदसम्बन्धी विविध कार्यहरु समेत यस शाखाबाट सम्पादित हुने गर्दछन्। संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षा, युवा तथा खेलकूदको क्षेत्रमा स्थानीय तहमा हस्तान्तरित हुने विभिन्न कार्यक्रमहरू कार्यान्वयन गराउने स्थानीय तहको मूख्य निकायको रूपमा यस शाखा रहेको छ। यस शाखाबाट मूलतः आधारभूत तथा माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, सामुदायिक सिकाइका साथै सामुदायिक तथा संस्थागत विद्यालयको अनुगमन, मूल्यांकन तथा नियमनसम्बन्धी कार्यहरु, आधारभूत तहको परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन, विद्यार्थीको सिकाइ उपलब्धी तथा शिक्षक र कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी तथा सेमिनारहरु संचालन, शिक्षक तथा कर्मचारीको तलब निकासासम्बन्धी विविध कार्यहरु, विद्यालयको सामाजिक तथा आर्थिक परीक्षण, सामुदायिक विद्यालयहरुलाई दिइने विभिन्न अनुदान निकासासम्बन्धी कार्यहरु लगायत शिक्षा, युवा तथा खेलकुदसम्बन्धी संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका वार्षिक कार्यक्रमको कार्यान्वय, नियमन, अनुगमन तथा सहजीकरणका कार्यहरु हुने गर्दछन्। चन्द्रकोट गाउँपालिकाको दरवन्दी तेरिजअनुसार यस शाखामा हाल निम्न कर्मचारीहरु कार्यरत छन्।

१. नयन सिंह ठकुरी - शाखा प्रमुख - शिक्षा अधिकृत (छैटौं)

२. धनपति पौडेल - प्राविधिक सहायक सहायक पाँचौ

शाखाअन्तर्गत श्रावण महिनामा सम्पादित मुख्य क्रियाकलापहरूः

१. गत आर्थिक वर्षका प्रशासनिक फाइलहरुको व्यवस्थापन तथा चालु आर्थिक वर्षका लागि विभिन्न कार्यगत तथा विषयगत फाइल निर्माण।

२. आ.व. २०७६/७७ मा विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) अन्तर्गत सम्पादित भएका कार्यको वार्षिक प्रगति प्रतिवेदन तयार गरी शिक्षा विकास तथा समन्वय इकाई तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सम्प्रेषण ।

३. शिक्षा विकास तथा समन्वय इकाई, तम्घास गुल्मीबाट शिक्षकको विज्ञापन तथा बढुवा प्रयोजनका लागि माग भएबमोजिमको रिक्त दरबन्दी तथा श्रेणीगत स्थायी शिक्षकको तथ्यांक संकलन तथा सम्प्रेषण।

४. गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको आ.व. २०७६/७७ को सम्पत्ति विवरण संकलनका लागि सूचना सम्प्रेषण, संकलन, रुजु तथा शाखामा दर्ता तथा अभिलेखीकरण।
५. कोभिड १९ बाट विद्यालयको पठनपाठनमा परेको प्रभाव तथा त्यसबाट सिर्जित शैक्षिक क्षति न्यूनीकरणका लागि अपनाइएका विभिन्न विधि तथा उपायहरुको कार्यान्वयनका लागि विद्यालयहरुमा सूचना सम्प्रेषण तथा निर्देशन।
६. शिक्षासँग सम्बन्धित दुई दर्जनभन्दा बढी ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु खोज, संकलन तथा निर्माण।
७. शिक्षासँग सम्बन्धित विद्यालय तथा अन्य निकायबाट सिफारिसका लागि प्राप्त विभिन्न निवेदनउपर कामकार्वाहीका लागि प्र.प्र.अ.समक्ष पेश तथा आवश्यक पत्रहरु तयार।
८. चालु आ.व.२०७७/७८ मा शाखासँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि योजना निर्माण।
९. सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय बुटबलबाट माग भएका विभिन्न शीर्षकका प्रस्तावनाको बारेमा विद्यालयहरुलाई SMS लगायत अन्य माध्यमबाट सूचना सम्पेषण गरी जानकारी प्रदान।
१०. दैनिक प्रशासनिक तथा अन्य कार्यहरु ।

## ७. कृषि विकास शाखा

चन्द्रकोट गाउँ कार्यपालिकाको समग्र कृषि उत्पादन तथा उत्पादकत्वलाई प्रभावकारी तथा कृषिमा आत्म निर्भर बनाउका लागि कृषि विकास शाखा रहेको छ । जसअन्तर्गत कृषि प्रबिधिमा आधारित र कृषि विकासमा टेवा पुग्ने प्राबिधिक, सामाजिक, आर्थिक पक्षको बिश्लेषणात्मक रचनालाई उचित स्थान राख्दै कृषकहरुको समस्या पहिचान गरी समस्याको समाधान गर्ने र उचित सल्लाह सुझाब दिने कार्य गर्दै आएको छ। कृषि विकासलाई थप टेवा पुराउनको लागि वडा नं. ३ हर्राचौर, ५ ग्वाघा र ७ रुपाकोटमा एक गाउँ एक प्राबिधिक कार्यक्रम अन्तर्गत कृषि प्राबिधिक ब्यबस्थापन गरिएको छ । यस कृषि शाखाले सम्पूर्ण वडागत अनुगमन कार्यमा सहभागी हुने लगायतका विभिन्न कार्यहरु गर्ने कामका लागि यो शाखा क्रियाशील रहेको छ।जस अन्तर्गत निम्न कर्मचारी कार्यरत छन् :

१. गिरीराज खत्री - प्राबिधिक सहायक (कृषि)
२. पुनम दमाई - ना.प्रा.स. वडा नं. ३ हर्राचौर
३. सुमन कुवर - ना.प्रा.स. वडा नं.५ ग्वाघा
४. राधिका बि .क. - ना.प्रा.स. वडा नं.७ रुपाकोट

**शाखा अन्तर्गत श्रावण महिनामा भएका प्रमुख कार्यहरु :-**

१. मकै खेतीमा देखिएको फौजी किरा तथा ग़वारोलाई नियन्त्रण गर्नका लागि स्थलगत अनुगमन गरी बिषादी प्रगोग बिधि बारे प्रशिक्षण तथा नियन्त्रण ।
२. धान खेतिमा देखिएको फेद कुहिने रोग तथा धानमा ग़वारोको प्रकोप देखिएको हुँदा नियन्त्रण गर्नका लागि स्थलगत अनुगमन गरी बिषादी प्रगोग बिधि बारे प्रशिक्षण तथा नियन्त्रण ।

३. गत आर्थिक बर्षका प्रशासनिक फाइलहरुको व्यस्थापन तथा नयाँ आर्थिक बर्षका विभिन्न पत्रलाई सुरक्षित राख्नका लागि फाईलहरुको व्यस्थापन।
४. स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन गर्नका लागि कृषि ज्ञानकेन्द्रको सहकार्यमा भौगोलिक अनुगमन।
५. कोभिड -१९ बिशेष कृषि कार्यक्रमबाट अनुदानग्राहीको कार्य प्रगतिलाई स्थलगत अनुगमन गरी मुल्यांकन ।

## ८. पशु सेवा शाखा

चन्द्रकोट गाँउपालिकाको समग्र पशुपंक्षी क्षेत्रको विकास गर्नको लागि गाँउपालिकाअन्तर्गत एक पशु सेवा शाखा रहेको छ ।यस शाखाले गाउँपालिकाभित्रका पशुपंक्षी पालन गर्दै आएका कृषकहरुको समस्या पहिचान गर्ने, समस्याको समाधान गर्ने र उचित सल्लाह सुझाब दिने कार्य गर्दै आएको छ। पशुसेवालाई थप प्रभाबकारी बनाउनको लागि वडा नं. ८ मजुवामा पशु सेवा इकाई रेहको छ भने नेपाल सरकारको एक गाउँ एक प्राविधिकको नीतिअनुसार यस शाखाअन्तर्गत प्राविधिकहरु वडा नं.१, २ र ६ मा कार्यरत छन । पशु सेवा शाखामा कार्यरत कर्मचारीहरुको विवरण यस प्रकार छन।

१. इश्वरी प्रसाद वली (पशु सेवा प्राविधिक) चन्द्रकोट गाउँपालिका
२. ललिता वि.क. (पशु सेवा प्राविधिक) पशु सेवा इकाई मजुवा
३. सागर खनाल (नायब पशु सेवा प्राविधिक) १ नं. वडा कार्यालय
४. लक्ष्मण गुरुङ्ग (नायब पशु सेवा प्राविधिक) २ नं. वडा कार्यालय
५. टोप बहादुर राना मगर (नायब पशु सेवा प्राविधिक) ६ नं. वडा कार्यालय

**यस पशु सेवा शाखाबाट श्रावण महिनामा भएका प्रमुख कार्यहरु :-**

१. कृतिम गर्भाधानको लागि आवश्यक पर्ने तरल नाइट्रोजन र सिमेन खरिद गर्न बुटवल गएको
२. कोभिड विशेष कृषि कार्यक्रमबाट अनुदान प्राप्त कृषकहरुको फार्म स्थलगत अनुगमन
३. शाखाबाट ६२ जना कृषकहरुलाई विभिन्न किसिमका औषधी र मिनिरल वितरण ।
४. शाखामा पशुपंक्षी फार्म नवीकरण तथा अभिलेखीकरण ।
५. पशुपंक्षी विकाश कार्यक्रमको बजेट कार्यान्वयनको लागि योजना निर्माण ।

## ९. स्वास्थ्य सेवा शाखा

चन्द्रकोट गाउँ कार्यपालिकाको समग्र स्वास्थ्यसँग सम्बन्धित कार्यहरुको व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि स्वास्थ्य शाखा रहेको छ । यस शाखाले गाउँपालिकाभित्रका ८ वटै स्वास्थ्य चौकीलाई हेर्दै आएको छ । स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउनको लागि ७ वटा सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गरी समुदायका नागरिकहरुलाई सहजीकरण गर्दै आएको छ ।

यस शाखाले विभिन्न स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई दक्ष बनाउनको लागि विभिन्न किसिमका तालिमहरु (जस्तै SBA, CBIMNCI, खोप, क्लिनिकल अपडेट, नयाँ महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत तालिम, HMIS तथा LMIS तालिम आदि) मा सहभागी बनाई स्वास्थ्यकर्मीहरुलाई दक्ष बनाउदै आएको छ। गाउँपालिकाभित्रका जेष्ठ नागरिकहरुलाई घरघरमा गई

स्वास्थ्य सेवा दिनुका साथै गम्भीर प्रकृतिका रोग भएका विरामीहरुलाई आर्थिक सहयोग गर्दै विभिन्न ठाउँमा उपचारको लागि सहजीकरणको लागि सिफारिस पत्र दिएको छ। यस स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरुको विवरण यस प्रकार छन्।

१. प्रकाश शर्मा (जनस्वास्थ्य निरीक्षक)
२. हिरा थापा मसराङ्गी (अ.न.मी)
३. सन्जु पोखरेल (अ.न.मी)

**यस शाखाअन्तर्गत श्रावन महिनामा भएका मुख्य कामहरुः-**

१. विभिन्न कार्यगत फाइल निर्माण तथा पुराना आ.व.का फाइलिङ्ग व्यवस्थापन ।
२. मासिक बैठक सन्चालन ।
३. विभिन्न स्वास्थ्य संस्थाहरुलाई औषधी वितरण ।
४. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीद्वारा डाटा इन्ट्री ।
५. औषधी एवं स्वास्थ्य सामाग्री खरिद तथा अन्य कार्यक्रमको खर्च निर्माण विवरण योजना ।
६. COVID-१९ सम्बन्धी स्वास्थ्य शिक्षा र Random PCR ल्याउनको लागि समीक्षा ।

## १०. अन्तरिक लेखा परीक्षण

गाउँपालिकामा भएका आर्थिक श्रेष्ताहरुको प्रचलित ऐन, नियम, कानुन र प्रक्रियाको परीपालना भए वा नभएको जाँच र परीक्षण गरी तत्काल सुधारका लागि सुझाव सहितको प्रतिवेदन दिई वित्तीय सुशासन कायम राख्न तयार पारिएको संयन्त्र आन्तरिक लेखापरीक्षण हो।नेपालमा आन्तरिक लेखापरीक्षण गर्न संघ र प्रदेश कार्यालयको हकमा आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ९६ बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले र स्थानीय तहको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ अनुसार स्थानीय तहको आन्तरिक लेखापरीक्षण इकाईबाट लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ।यस चन्द्रकोट गाउँपालिकामा भएका आर्थिक कारोबारहरुको नियमितता, मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिताको प्रयोग गरी लेखापरीक्षण गर्ने कार्य यस इकाईबाट हुन्छ। वित्तीय सुशासन, आन्तरिक नियन्त्रण प्रणाली तथा गाउँपालिकाको व्यवस्थापन पक्ष प्रभावकारी बनाउनका लागि गाउँपालिकामा यस इकाईको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

**<u>कर्मचारी विवरण :</u>**

यस इकाईमा कार्यरत कर्मचारी।

१. शुक्रराज पौडेल-आन्तरिक लेखा परीक्षक (पाँचौ)

**इकाईका काम ,कर्तव्यहरु :**

१. वित्तीय जोखिम न्यूनीकरण गर्दै खर्चमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आर्थिक कृयाकलापको परीक्षण गर्ने।
२. भुक्तानीमा हुन सक्ने कमजोरी, त्रुटीलाई समयमै पहिचान गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने।
३. गाउँपालिकाको कार्ययोजना पालना भए नभएको जाँच गरी सोहीअनुसारको कार्यसम्पन्न भए नभएको भिडान गरी सुझाव प्रदान गर्ने।
४. विभिन्न नीति, ऐन, नियम तथा कार्यविधिहरूको कार्यन्वयनमा सहयोग गर्ने।
५. गाउँपालिकाको कार्य प्रक्रियाहरूलाई आवश्यक पृष्ठपोषण गर्ने।
६. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई सुधार गर्न टेवा पुर्याउने।
७. अन्तिम लेखापरीक्षणको लागि सहयोगी भूमिका निर्वाह गर्ने।
८. सार्वजनिक लेखा प्रणालीमा सुधार गर्ने।

**श्रावण महिनामा यस इकाईबाट गरिएका कार्यहरु :**

१. आ.व.२०७६/७७ को विभिन्न आर्थिक श्रेस्ताहरुको आन्तरिक लेखा परीक्षण गर्नको लागि कार्ययोजना तयार गरेको।
२. योजना तथा कार्यक्रमको फरफारक गर्ने क्रममा आर्थिक प्रशासन इकाईमा श्रेस्ताहरुको पूर्व आन्तरिक लेखा परीक्षणका रुपमा चेक गरी सहजता प्रदान गरेको।
३. सम्बन्धित जिम्मेवार व्यात्तिहरुसँग आवश्यक समन्वय गरेको।
४. आन्तरिक लेखा परीक्षणका क्रममा आवश्यक पर्ने ऐन, नियम तथा कार्यविधिहरुको संकलन तथा अध्ययन।

## ११. सूचना प्रविधि शाखा

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम प्रत्येक स्थानीय तहमा संचालनमा आएको छ जुन कार्यक्रममार्फत सूचना प्रविधि अधिकृतलाई सूचना तथा प्रविधिको प्रयोग गरी सुशासन कायम गर्ने उद्देश्यले नियुक्ति गरेको हो । गाउँपालिकाको हरेक सूचना बिज्ञापन, जानकारी, निर्णय, लगायत जानकारी बिद्युतीय मध्यम (website mobile apps, Facebook page ) मार्फत सार्वजनिक गर्ने तथा गाउँपालिकामा प्रविधिको प्रयोग गरी सुशासन कायम गर्ने लगायतका कार्यहरु सूचना प्रविधि शाखाअन्तर्गत पर्दछ ।

**कर्मचारी विवरण :**

यस शाखामा कार्यरत कर्मचारी

१. कृष्ण प्रसाद गौतम (सूचना प्रविधि अधिकृत )

**श्रावण महिनामा यस शाखामार्फत भएका मुख्य कार्य यस प्रकार छन**

१. वेवसाइट, फेसबुक पेज निरन्तर अपडेट ।
२. इमेल चेक गरी विभिन्न सूचना आदान प्रदान ।
३. CMIS अपडेट ।
४. कम्प्युटर, प्रिन्टर, इन्टरनेट, टेलिफोन मर्मत ।
५. शाखाअन्तर्गतको कार्यक्रमको कार्यान्वयन ।
६. मासिक प्रगति प्रतिवेदन तयार
७. मासिक चन्द्रकोट बुलेटिन तयार ।

## १२. रोजगार सेवा केन्द्र

चन्द्रकोट गाउँपालिकाको समग्र रोजगार सम्बन्धी कामलाई प्रभावकारी बनाउन रोजगार केन्द्र रहेको छ। मुलुकमा विद्यमान बेरोजगारी र गरिबीको समस्यालाई सम्बोधन गरी दिगो अर्थिक विकास हासिल गर्न नेपाल सरकारले काम र रोजगारलाई उच्च प्राथमिकता प्रदान गरेको छ। नेपालको संविधानको धारा ३३ मा उल्लेखित रोजगारको हकलाई कार्यान्वयन गर्न बनेको रोजगारको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नागरिकलाई न्यूनतम रोजगारको प्रत्याभूतिका लागि अन्तरिक रोजगारका अवसर सिर्जना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। रोजगार सेवा केन्द्रमा यस चन्द्रकोट गाउँपालिकामा रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगार व्यक्तिको सूची स्वीकृतका लागि गाउँ कार्यपालिकामा पेश गर्ने, गाउँ कार्यपालिकाबाट स्वीकृत भएको बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरी सूचीकृत गर्ने र सूचीकृत बेरोजगारी व्यक्तिलाई लाभग्राही परिचयपत्र वितरण गर्ने, यस गाउँपालिका क्षेत्रभित्रको संभाव्य रोजगारीको स्थिति विश्लेषण गरी रोजगारको तथ्याङ्क संकलन गर्ने, रोजगारीका अवसरको नक्साङ्कन गर्न तथा रोजगारीका अवसरहरुको अभिलेख राख्ने, विभिन्न रोजगार आयोजनाहरुबाट माग भए बमोजिम सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीका लागि खटाउने, गाउँपालिका क्षेत्रभित्र उपलब्ध रोजगारका अवसरहरुको पहिचान गरी सो को सूचना प्रवाह गर्ने, रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने तथा माग भई अएको अवस्थामा रोजगारदातालाई बेरोजगार व्यक्तिको सूचीबाट श्रमिक उपलब्ध गराउने, बेरोजगार व्यक्तिको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धीत तालिम केन्द्रमा सिफारिस गर्ने, रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्ये न्यूनतम रोजजारी प्राप्त गर्ने, रोजगारमूलक तथा सीपमूलक तालिम प्राप्त गर्ने, निजी क्षेत्रको रोजगारमा सहयोगी हुने तथा स्वरोजगार हुने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने, आफ्ना काम कारवाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाउँ कार्यपालिकामा प्रतिवेदन गर्ने।

स्थानीय तहभित्रको वैदेशिक रोजगारीमा जाने तथा जान चाहनेहरुका लागि सूचना तथा परामर्श सेवा प्रदान गर्ने, वैदेशिक रोजगार प्रवर्धन बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता बितरण सम्बन्धी कार्यमा सहयोग पुर्याउने र आन्तरिक रोजगारी प्रवर्द्धन गर्नमा संलग्न सार्वजिक क्षेत्रभित्रका सरोकारवालाहरुलाई

अन्य सेवा प्रदान गर्ने गर्दछ ।यस सेवा केन्दमा रोजगार संयोजक १ जना (हाल कार्यरत) र प्राविधिक सहायक (सहायक पाँचौ) १ जना (विज्ञापन भैसकेको) गरी २ जना कर्मचारी रहनेछन् ।जस अन्तर्गत निम्न कर्मचारीहरु कार्यरत छन् ।

१. यज्ञमुर्ति न्यौपाने - रोजगार संयोजक

**रोजगार सेवा केन्द्रअन्तर्गत श्रावण महिनामा भएका मुख्य कार्यहरु :**

१. बेरोजगार व्यक्तिको आवेदनको लागि सूचना प्रकाशन,
२. बेरोजगार फारमको लागि वडा अनुगमन,
३. बेरोजगार फारम भर्ने तरिका बारे वडामा अभिमुखीकरण एवम अन्तरक्रिया कार्यक्रम,
४. रोजगार सेवा केन्द्रको लागि प्राविधिक सहायकको विज्ञापन प्रकाशन,
५. गत आ.व. २०७६/०७७ का सम्पूर्ण फाइलको व्यवस्थापन र चालु आ.व. २०७७/०७८ का विभिन्न पत्रहरुलाई सुरक्षित राख्नका लागि फाइलको व्यवस्थापन ।

## चन्द्रकोट गाउँपालिका र अन्तर्गतका कार्यालयबाट सम्पादन भएका विभिन्न कार्यहरुको मासिक प्रगति विवरणः-

१) मुख्य सम्पादित कार्यहरु

| क्र.सं. | सम्पादित प्रमुख कार्यहरु | श्रावण महिनाको उपलब्धि | यो आ.व.मा हालसम्मको | कैफियत |
|---|---|---|---|---|
| १. | **पञ्जिकरण तर्फ** | 0 | 0 | |
| | क.जन्मदर्ता | ६९ | ६९ | |
| | ख.मृत्युदर्ता | ५१ | ५१ | |
| | ग.विवाहदर्ता | १० | १० | |
| | घ.सम्बन्ध विच्छेद | १ | १ | |
| | ङ.बसाइसराइ दर्ता | १२ | १२ | |
| | च.बसाइ सरी गएको | ९ | ९ | |
| | छ. बसाइ सरी आएको | ३ | ३ | |
| २. | **सामाजिक सुरक्षातर्फ** | | | |
| | वितरण गरिएको रकम | 0 | | |
| | जम्मा लगत कट्टा भएको संख्या | ० | | |
| | जम्मा थप भएको संख्या | ३० | ३० | |
| | हाल कायम भएको जम्मा संख्या | २५२० | २५२० | |

| | | | | |
|---|---|---|---|---|
| | **विभिन्न सिफारिस पत्रहरु** | | | |
| | क.नाता प्रमाणित संख्या | ४५ | | |
| | ख.आम्दानी प्रमाणित संख्या | १० | | |
| | ग.नागरिकता सिफारिस | १६ | | |
| | ग.नाबालक परिचयपत्र सिफारिस | २ | | |
| | घ.प्रतिलिपि नागरिकता सिफारिस | ३ | | |
| | ङ.पेन्सन सम्बन्धी कागजात सिफारिस | ० | | |
| | च.अन्य प्रमाणित | ९० | | |
| ४. | **प्रकोप व्यवस्थापन सम्बन्धी** | | | |
| | क.राहत प्राप्त गर्ने संख्या | ० | ० | |
| | ख.आर्थिक सहायता रकम | ० | ० | |
| ५. | **न्यायिक समिति सम्बन्धी विवरण** | | | |
| | क.न्यायिक समितिमा दर्ता भएका निवेदन संख्या | १ | १ | |
| | ख.फर्छयौट संख्या | ० | ० | |
| | ग.मिलापत्र भएका | १ (गत आ.व.को मुद्धा) | | |
| | घ.स्थगित निवेदन | ० | ० | |
| | ङ.मिलापत्र हुन नसकी अदालत गएका | ० | ० | |
| | च.मिलापत्रको लागि प्रहरीमा पठाएको | ० | ० | |
| ६. | **संघसंस्था/व्यवसाय सम्बन्धी विवरण** | | | |
| | क.संघसंस्था दर्ता | १ | | |
| | ख.संघसंस्था नविकरण | ० | | |
| | ग.व्यवसाय दर्ता | ३ | | |
| | घ.व्यवसाय नवीकरण | ० | | |
| ७. | **कृषि/पशु सेवा सम्बन्धी विवरण** | | | |
| | क.कृषिसम्बन्धी फर्म दर्ता | ४ | ४ | |

| | | | | |
|---|---|---|---|---|
| | ख.कृषिसम्बन्धी फर्म नविकरण | ५ | ५ | |
| | ग.पशुपालन सम्बन्धी फर्म दर्ता | ० | ० | |
| | घ.पशुपालन फर्म नविकरण | ३ | ३ | |
| | ङ. कृषक दर्ता संख्या | ० | ० | |
| | च.कृषक समूह दर्ता संख्या | ० | ० | |
| | छ.कृषकहरुलाई विउपल वितरण (कृषक संख्या) | ० | ० | |
| | ज.कृषकहरुलाई औजार वितरण | ० | ० | |
| | झ.पशुपंक्षी औषधी वितरण | ६२ | ६२ | |
| | ञ.पशुपंक्षी निकासा सिफारिस र संख्या | ० | ० | |
| | ट.कृत्रिम गर्भाधान (गाई) | ० | ० | |
| | ठ.कृत्रिम गर्भाधान (भैसी) | ० | ० | |
| ८. | **सूचना प्रविधि सम्बन्धी विवरण** | | | |
| | क.सामाजिक संजाल अध्यावधिक पटक | ७ | ७ | |
| | ख.कार्यालयको वेबसाइट अध्यावधिक पटक | ६ | ६ | |
| | ग.SMS मार्फत सूचना सम्प्रेषण | १० | १० | |
| ९. | **महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी विवरण** | | | |
| | क.जेष्ठ नागरिक परिचय पत्र वितरण संख्या | ० | ० | |
| | ख.अपाङ्ग परिचय पत्र वितरण संख्या | ८ जना | ८ | |
| १०. | **प्रधानमन्त्री रोजगार कार्यक्रमको विवरण** | | | |
| | क.प्रधानमन्त्री रोजगार कार्यक्रम योजना | ० | ० | |
| | ख.रोजगारमा संलग्न जनशक्ति | ० | ० | |
| ११. | **अनुगमन सम्बन्धी विवरण** | | | |
| | क.बजार अनुगमन | २ | २ | |
| | ख. स्वास्थ्य चौकीहरुको अनुगमन | ८ | ८ | |

| | | | | |
|---|---|---|---|---|
| | ग.वडा कार्यालयहरुको अनुगमन | ८ | ८ | |
| | घ.विद्यालयहरुको अनुगमन | ० | ० | |
| | ङ.सहकारी संस्थाहरुको अनुगमन | १३ | १३ | |
| | च.योजनाहरुको अनुगमन निरीक्षण | ० | ० | |
| | छ.योजनाहरुको प्राविधिक निरीक्षण | २२ | २२ | |
| | ज.मासुपसलहरुको अनुगमन | ३ | ३ | |
| | झ.औषधी पसलहरुको अनुगमन | ३ | ३ | |
| | ञ.कृषकहरुको फर्म अनुगमन | १५ | १५ | |
| | ट.कृषक भेटघाट (कृषिसँग सम्बन्धित) | ९५ | ९५ | |
| | ठ.कृषक भेटघाट (पशुपंक्षीसँग सम्बन्धित) | ९६ | ९६ | |
| १२. | **योजना सम्बन्धी विवरण** | | | |
| | क.योजना सम्झौता | ० | ० | |
| | ख.योजना भुक्तानी | ० | ० | |
| १३. | **गुनासो फर्छ्यौट** | | | |
| | क.कार्यालयमा पेश भएको निवेदन मार्फत | ० | ० | |
| | ख.हेल्लो सरकारमार्फत | ० | ० | |
| | ग.सामाजिक सञ्जाल मार्फत | ० | ० | |
| १४. | **बैठक सम्बन्धी विवरण** | | | |
| | क.कार्यपालिका बैठक | ३ | ३ | |
| | ख. वडा समिति बैठक | २२ | २२ | |
| | ग. विषयगत समिति बैठक | ० | ० | |
| | घ. विपद् सम्बन्धी बैठक | ० | ० | |
| | ङ. LCCMC बैठक | ० | ० | |
| | च. खरिदसम्बन्धी बैठक | २ | २ | |

| | | | | |
|---|---|---|---|---|
| | छ. टेण्डरसम्बन्धी बैठक | | | |
| | ज. कर्मचारी छनौटसम्बन्धी बैठक | १ | १ | |
| | झ. विपन्न नागरिक उपचार सम्बन्धी बैठक | | | |
| | ञ. स्टाफ बैठक | १ | १ | |
| | ट. प्र.अ.हरुको मासिक बैठक | ० | ० | |
| | ठ. अन्य | | | |
| १५. | **स्वास्थ्य सेवा सम्बन्धी विवरण** | | | |
| | क.स्वास्थ्य संस्थाबाट सेवा लिएका | ६३२३ | ६३२३ | |
| | ख.खोप केन्द्रबाट सेवा लिएका | ३३१ | ३३१ | |
| | ग.महिला स्वास्थ्य स्वयंसेविका मार्फत सेवा लिएका | २३३ | २३३ | |
| | घ.गाउँघर क्लिनिकबाट सेवा लिएका | २२८ | २२८ | |
| | ङ.रोटा खोप | ३० | ३० | |
| | च. निशुल्क औषधी वितरण | ४३५१ | ४३५१ | |
| | छ.मातृ तथा नवशिशु संख्या | ३२ | ३२ | |
| १६. | **सहायता कक्षबाट सेवा लिनेको संख्या** | ५५ | ५५ | |
| १७. | **ऐन, नियम, नियमावली, कार्यविधि र निर्देशिका स्वीकृत भएको संख्या** | १ | १ | |

२. राजश्व सम्बन्धी विवरण :-

| क्र.सं. | विवरण | श्रावण महिनाको राजश्व रकम (रु.) | यो आ.व.मा हालसम्मको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | एकिकृत सम्पत्ती कर | ५२००० | ५२००० | |
| २. | भूमि कर (मालपोत) | १५८७०४ | १५८७०४ | |
| ३. | घरवहाल कर | ३६९५५ | ३६९५५ | |
| ४. | सिफारिस दस्तुर | ५००५० | ५००५० | |
| ५. | व्यक्तिगत घटना दर्ता | ६८०० | ६८०० | |
| ६. | व्यवसाय कर | १०१२०० | १०१२०० | |
| ७. | जडीबुटी कबाडी र जीवजन्तु | ० | ० | |
| ८. | सवारी साधन कर | ० | ० | |
| ९. | विज्ञापन कर | ५०० | ५०० | |
| १०. | मनोरञ्जन कर | ० | ० | |
| ११. | पार्किङ्ग शुल्क | ० | ० | |
| १२. | सेवा शुल्क दस्तुर | २०० | २०० | |
| १३. | फोहोरमैला व्यवस्थापन शुल्क | ७००० | ७००० | |
| १४. | नक्सा पास दस्तुर | ० | ० | |
| १५. | ढुङ्गा गिटी बालुवा | ० | ० | |
| १६. | विविध आय | ११८०० | ११८०० | |
| १७. | बहाल विरौटी कर | ० | ० | |
| १८. | लेखा परीक्षक दस्तुर | ० | ० | |
| १९. | अन्य कर | ० | ० | |
| २०. | सूची दर्ता | ० | ० | |
| जम्मा | | ४२५२०९ | ४२५२०९ | |

३. धरौटी सम्बन्धी विवरण :-

| अल्या (गत वर्षको) | यो महिनाको | हालसम्मको |
|---|---|---|
| १४८७६१२ | ० | सवै |

### ४. आर्थिक प्रशासन सम्बन्धी

| विवरण | वार्षिक बजेट | यो महिनाको खर्च | यो आ.व.मा हालसम्मको | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|---|
| गाउँपालिका | २४६५०३०४ | ० | ० | सबै | |
| संघ | ३९१७४४९९० | ० | ० | सबै | |
| प्रदेश | ५०४२७००० | ० | ० | सबै | |
| जम्मा | ४६६८२२२९४ | ० | ० | सबै | |

### कर्मचारीको हाजिरी, तथा विदा सम्बन्धी विवरण

| क्र.सं. | नामथर | पद | कार्यालयखुलेको दिन | जम्मा हाजिरी दिन | विदा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | २६ | २६ | 0 | |
| २ | प्रकाश चन्द्र शर्मा | अधिकृत छैटौं (स्वास्थ्य) | २६ | २३ | ३ | |
| ३ | भुवन बहादुर वस्नेत | अधिकृत छैटौं (प्रशासन) | २६ | २६ | 0 | ८ नं. वडा सचिव समेत |
| ४ | बशन्त रिजाल | अधिकृत छैटौं (लेखा) | २६ | २६ | 0 | |
| ५ | नयन सिंह ठकुरी | अधिकृत छैटौं (शिक्षा) | २६ | १३ | १३ | |
| ६ | शिवप्रसाद ज्ञवाली | अधिकृत छैटौं (प्रशासन) | २६ | १३ | 0 | |
| ७ | युवराज पन्थी | अधिकृत छैटौं (इन्जिनियर) | २६ | २० | ६ | |
| ८ | कृष्ण प्रसाद गौतम | सूचना प्रविधि अधिकृत | २६ | २४ | २ | |
| ९ | यज्ञ मुर्ति न्यौपाने | रोजगार संयोजक | २६ | २५ | १ | |
| १० | शंकर प्रसाद मण्डल | सहायक पाँचौं (सब इ.) | २६ | २४ | २ | |
| ११ | भिम प्रसाद सापकोटा | सहायक पाँचौं (प्रशासन) | २६ | २५ | १ | १ र २ नं.वडा सचिव समेत |
| १२ | तिर्थराज खनाल | सहायक पाँचौ (प्रशासन) | २६ | २६ | 0 | ४ नं. वडा सचिव |
| १३ | संगीता भट्टराई | सहायक पाँचौं (लेखा) | २६ | १९ | ७ | |
| १४ | शुक्रराज पौडेल | सहायक पाँचौं (आ.ले.प.) | २६ | २६ | 0 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | यमकुमारी राना | सहायक पाँचौं (प्रशासन) | २६ | २६ | 0 | ७ नं. वडा सचिव समेत |
| १६ | अस्मित गौतम | सहायक पाँचौं (सब इ.) | २६ | २६ | 0 | |
| १७ | सुमित्रा भण्डारी | सहायक पाँचौं (क.अ.) | २६ | २३ | ३ | |
| १८ | धनपति पौडेल | सहायक पाँचौं (प्रा.स.) | २६ | २२ | ४ | |
| १९ | शेषराज क्षेत्री | अ.हे.व | २६ | २६ | 0 | ३ नं. वडा सचिव समेत |
| २० | पवन पोखेल | एम.आइ.एस. अपरेटर | २६ | २६ | 0 | |
| २१ | गिरीराज खत्री | प्राविधिक सहायक (कृषि) | २६ | २६ | 0 | |
| २२ | इश्वरी प्रसाद वली | पशु सेवा प्राविधिक | २६ | २६ | 0 | |
| २३ | लक्ष्मी अर्याल | सहायक चौथो (प्रशासन) | २६ | २६ | 0 | ६ नं. वडा सचिव |
| २४ | विबेक भण्डारी | अ-सव.ईन्जिनियर | २६ | २६ | 0 | |
| २५ | राधा खत्री क्षेत्री | अ-सव.ईन्जिनियर | २६ | २० | ६ | |
| २६ | लिल बहादुर काला | अ-सव.ईन्जिनियर | २६ | २६ | 0 | ५ नं. वडा सचिव समेत |
| २७ | सुरेश न्यौपाने | खा.पा.स.टे.(सहायक चौथो) | २६ | २० | ६ | |
| २८ | दुर्गा प्रसाद शर्मा | सहायक चौथो (प्रशासन) | २६ | ६ | 0 | २६ गतेको सुरु नियुक्ती |
| २९ | प्रकाश रावल | अ.सव इन्जिनियर | २६ | २६ | 0 | |
| ३० | सन्जु पोखरेल | अ.न.मी. (चौथो) | २६ | २५ | १ | |
| ३१ | हिरा मसराङ्गी | अ.न.मी. (चौथो) | २६ | १७ | ९ | |
| ३२ | यम बहादुर के.सी. | फिल्ड सहायक | २६ | २४ | २ | |
| ३३ | सन्तोष थापा | हलुका सवारी चालक | २६ | २५ | १ | |
| ३४ | विष्णु भण्डारी | कार्यालय सहयोगी | २६ | २६ | 0 | |
| ३५ | विष्णु खरेल | कार्यालय सहयोगी | २६ | २६ | 0 | |
| ३६ | कृष्ण कुमारी पुन | कार्यालय सहयोगी | २६ | २६ | 0 | |
| ३७ | अर्जुन वि.क. | कार्यालय सहयोगी | २६ | २६ | 0 | |

## चन्द्रकोट गाउँपालिका भित्रका जनप्रतिनिधिहरुको विवरण

| | | | | |
|---|---|---|---|---|
| १ | द्रोण बहादुर खत्री | अध्यक्ष | चन्द्रकोट - ३, हर्राचौर | ९८५७०६१७५१ |
| २ | राधिका अर्याल | उपाध्यक्ष | चन्द्रकोट - ८, तुराङ्ग | ९८४००२०३२८ |
| ३ | गोविन्द बहादुर बलाल | वडा अध्यक्ष | चन्द्रकोट - १, दिब्रुङ्ग | ९८४७२३३३५० |
| ४ | टंक बहादुर क्षेत्री | वडा अध्यक्ष | चन्द्रकोट - २, विशुखर्क | ९७४७००६५५८ |
| ५ | किरण शाह | वडा अध्यक्ष | चन्द्रकोट - ३, हर्राचौर | ९८४४७९५५४४ |
| ६ | भरतलाल थापा | वडा अध्यक्ष | चन्द्रकोट - ४, शान्तिपुर | ९७४७०००६४८ |
| ७ | टेक बहादुर पुन | वडा अध्यक्ष | चन्द्रकोट - ५, ग्वाघा | ९७४४७९५५४४ |
| ८ | गोकर्ण प्रसाद शर्मा | वडा अध्यक्ष | चन्द्रकोट - ६, हरेवा | ९८५७०६२८२१ |
| ९ | लक्ष्मी प्रसाद भण्डारी | वडा अध्यक्ष | चन्द्रकोट - ७, रुपाकोट | ९८५७०६४२४५ |
| १० | नन्दराम अर्याल | वडा अध्यक्ष | चन्द्रकोट - ८, तुराङ्ग | ९८४७१६००९८ |
| ११ | जमुना खरेल | महिला सदस्य | चन्द्रकोट - १, दिब्रुङ्ग | ९८६७५२७६६१ |
| १२ | कोपिला गौतम | महिला सदस्य | चन्द्रकोट - २, विशुखर्क | ९८२१५३६९८५ |
| १३ | निर्मला सुवेदी | महिला सदस्य | चन्द्रकोट - ३, हर्राचौर | ९८६२२७२२९७ |
| १४ | लक्ष्मी राना | महिला सदस्य | चन्द्रकोट - ४, शान्तिपुर | ९८६७२०५०९३ |
| १५ | मिना गलामी | महिला सदस्य | चन्द्रकोट - ६, हरेवा | ९८६७०४९०७६ |
| १६ | विष्णुकला थापा | महिला सदस्य | चन्द्रकोट - ७, रुपाकोट | ९८६७१५७७१६ |
| १७ | रेनुका श्रीस मगर | महिला सदस्य | चन्द्रकोट - ८, तुराङ्ग | ९८०४४७२०१० |
| १८ | मिना वि.क. | दलित महिला सदस्य | चन्द्रकोट - १, दिब्रुङ्ग | ९८४७४९७००४ |
| १९ | विष्णु सार्की | दलित महिला सदस्य | चन्द्रकोट - २, विशुखर्क | ९८६७३८९१४ |
| २० | बधुकला कामी | दलित महिला सदस्य | चन्द्रकोट - ३, हर्राचौर | ९७४७०६६२७७ |
| २१ | कुवारी सुनार | दलित महिला सदस्य | चन्द्रकोट - ४, शान्तिपुर | ९८४७५७१८४० |
| २२ | मञ्जु सार्की | दलित महिला सदस्य | चन्द्रकोट - ५, ग्वाघा | ९८६७४१२१४० |
| २३ | ईन्द्र कुमारी सार्की | दलित महिला सदस्य | चन्द्रकोट - ६, हरेवा | ९८६०३८१४२० |
| २४ | मनकला कामी | दलित महिला सदस्य | चन्द्रकोट - ७, रुपाकोट | ९८४७१८४६८९ |
| २५ | कल्पना दमाई | दलित महिला सदस्य | चन्द्रकोट - ८, तुराङ्ग | ९८६७२५३९२१ |

| | | | | |
|---|---|---|---|---|
| २६ | केहर सिंह वि.क. | खुला सदस्य | चन्द्रकोट - १, दिब्रुङ्ग | ९८११९४१०२१ |
| २७ | धनबहादुर गुरुङ्ग | खुला सदस्य | चन्द्रकोट - १, दिब्रुङ्ग | ९७४७०५१५८४ |
| २८ | कृष्ण वि.क. | खुला सदस्य | चन्द्रकोट - २, विशुखर्क | ९८५७०६४६१६ |
| २९ | रामबहादुर गुरुङ्ग | खुला सदस्य | चन्द्रकोट - २, विशुखर्क | ९८४७३६६८४२ |
| ३० | टेक ब. पौडयाल खत्री | खुला सदस्य | चन्द्रकोट - ३, हर्राचौर | ९८४७०२४३७३ |
| ३१ | भानुभक्त सुवेदी | खुला सदस्य | चन्द्रकोट - ३, हर्राचौर | ९८५७०६१७९४ |
| ३२ | चन्द्र बहादुर वि.क. | खुला सदस्य | चन्द्रकोट - ४, शान्तिपुर | ९८४७४७०२५९ |
| ३३ | नेत्र बहादुर थापा | खुला सदस्य | चन्द्रकोट - ४, शान्तिपुर | ९८६७८०४१२५ |
| ३४ | टेक बहादुर थापा | खुला सदस्य | चन्द्रकोट - ५, ग्वाघा | ९८१६४६७१४४ |
| ३५ | नवराज जैसी | खुला सदस्य | चन्द्रकोट - ५, ग्वाघा | ९८५७०३४९४० |
| ३६ | अम्मर सिंह दगामी | खुला सदस्य | चन्द्रकोट - ६, हरेवा | ९८४४७७००६९ |
| ३७ | पदमबहादुर गुरुङ्ग | खुला सदस्य | चन्द्रकोट - ६, हरेवा | ९८४७५८२२८३ |
| ३८ | डिल्लीराज भण्डारी | खुला सदस्य | चन्द्रकोट - ७, रुपाकोट | ९८४७४०८४१५ |
| ३९ | हिमलाल भण्डारी | खुला सदस्य | चन्द्रकोट - ७, रुपाकोट | ९८६७०१३९७९ |
| ४० | डिल्लीराज अर्याल | खुला सदस्य | चन्द्रकोट - ८, तुराङ्ग | ९८११४६४४२७ |
| ४१ | पर्ण बहादुर सुनार | दलित/अल्पसंख्यक | चन्द्रकोट - २, विशुखर्क | ९८६०५३५८८४ |
| ४२ | कमल सुनार | दलित/अल्पसंख्यक | चन्द्रकोट - ७, रुपाकोट | ९८६७१९०५९२ |

## चन्द्रकोट गाउँ पालिका भित्रका कर्मचारीहरुको विवरण

| | | | |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६७९२० |
| २ | प्रकाश चन्द्र शर्मा | अधिकृत छैटौं (स्वास्थ्य) | ९८४७०७७३१ |
| ३ | भुवन बहादुर वस्नेत | अधिकृत छैटौं (प्रशासन) | ९८५७०६१८१७ |
| ४ | बशन्त रिजाल | अधिकृत छैटौं (लेखा) | ९८६७१८८८६३ |
| ५ | नयन सिंह ठकुरी | अधिकृत छैटौं (शिक्षा) | ९८४७१०७९६२ |
| ६ | शिवप्रसाद ज्ञवाली | अधिकृत छैटौं (प्रशासन) | ९८५७०६०९६३ |
| ७ | युवराज पन्थी | अधिकृत छैटौं (इन्जिनियर) | ९८५७०७२७२७ |
| ८ | कृष्ण प्रसाद गौतम | सूचना प्रविधि अधिकृत | ९८४९६२५९२७ |
| ९ | यज्ञ मुर्ति न्यौपाने | रोजगार संयोजक | ९८४१६३२६८४ |
| १० | शंकर प्रसाद मण्डल | सहायक पाँचौं (सब इन्जिनियर) | ९८५७०६४४३३ |
| ११ | तिर्थराज खानाल | वडा सचिव ४ नं.वडा (सहायक पाँचौं प्रशासन) | ९८६७०१२६३८ |
| १२ | भिम प्रसाद सापकोटा | सहायक पाँचौं (प्रशासन) | ९८६०१५५५०६ |
| १३ | संगीता भट्टराई | सहायक पाँचौं (लेखा) | ९८६४४०७३५७ |
| १४ | शुक्रराज पौडेल | सहायक पाँचौं (आ.ले.प.) | ९८६४४५००६८ |
| १५ | यमकुमारी राना | सहायक पाँचौं (प्रशासन) | ९८४४०७५७७६ |
| १६ | अस्मित गौतम | सहायक पाँचौं (सब इन्जिनियर) | ९८४३६२२९८८ |
| १७ | सुमित्रा भण्डारी | सहायक पाँचौं (कम्पयुटर अपरेटर) | ९८४३३७७६३६ |
| १८ | धनपति पौडेल | सहायक पाँचौं (प्रा.स.) | ९८४७२७४५२५ |
| १९ | पवन पोखेल | एम.आइ.एस. अपरेटर | ९८४७५९५९१२ |
| २० | गिरीराज खत्री | प्राविधिक सहायक (कृषि) | ९८४२८०३४२१ |
| २१ | इश्वरी प्रसाद वली | पशु सेवा प्राविधिक | ९८६६७३५८९६ |
| २२ | दुर्गा प्रसाद शर्मा | वडा सचिव २ नं.वडा (सहायक चौथो प्रशासन) | ९८६७००३६०९ |
| २३ | लक्ष्मी अर्याल | वडा सचिव ६ नं.वडा (सहायक चौथो प्रशासन) | ९८४७१२४१४६ |
| २४ | विबेक भण्डारी | अ-सव.ईन्जिनियर | ९८४७००४०४३ |

| | | | |
|---|---|---|---|
| २५ | राधा खत्री क्षेत्री | अ-सव.ईन्जिनियर | ९८६६९३७५९८ |
| २६ | लिल बहादुर काला | अ-सव.ईन्जिनियर | ९८६७१६४६९९ |
| २७ | सुरेश न्यौपाने | खा.पा.स.टे. (सहायक चौथो) | ९८४८५२०३३७ |
| २८ | प्रकाश रावल | अ.सव इन्जिनियर | ९८४८५२३६२७ |
| २९ | सन्जु पोखरेल | अ.न.मी. (चौथो) | ९८६७४२९८०२ |
| ३० | हिरा मसराङ्गी | अ.न.मी. (चौथो) | ९८४६९५९६६३ |
| ३१ | यम बहादुर के.सी. | फिल्ड सहायक | ९८६६६२६०७७ |
| ३२ | सन्तोष थापा | सवारी चालक | ९८६७१५०५१६ |
| ३३ | विष्णु भण्डारी | कार्यालय सहयोगी | ९८६७५७९९७२ |
| ३४ | विष्णु खरेल | कार्यालय सहयोगी | ९८६७७११६७३ |
| ३५ | कृष्ण कुमारी पुन | कार्यालय सहयोगी | ९८६६४३३४३८ |
| ३६ | अर्जुन वि.क. | स्वास्थ्य खोप ढुवानी | ९८६७५८५४८८ |

**चन्द्रकोट गाउँपालिका भित्रका एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गतका कर्मचारीहरुको विवरण**

| | | | |
|---|---|---|---|
| १ | सागर खनाल | ना.प्रा.स (पशु) वडा नं.१ | ९८४७०१८७६२ |
| २ | लक्ष्मण गुरुङ्ग | ना.प्रा.स (पशु) वडा नं.२ | ९८६०६०८३७१ |
| ३ | पुनम दमाई | ना.प्रा.स (कृषि) वडा नं.३ | ९८६७४२३५६५ |
| ४ | सुमन कुँवर क्षेत्री | ना.प्रा.स (कृषि) वडा नं.५ | ९८६६५५४७८५ |
| ५ | टोप वहादुर राना | ना.प्रा.स (पशु) वडा नं.६ | ९८४७१०२७३७ |
| ६ | राधिका वि.क. | ना.प्रा.स (पशु) वडा नं. ७ | ९८६७७७८२८० |
| ७ | ललिता वि.क. | नायव पशु प्राविधिक वडा नं.८ | ९८६५५०५७८१ |

**प्रकाशक :-**

चन्द्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## शान्तिपुर, गुल्मी

५ नं. प्रदेश, नेपाल

## द्धारा प्रकाशित चन्द्रकोट बुलेटिन (ई-मासिक)

**प्रकाशन :**

संरक्षक : प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद भण्डारी

सल्लाहकार : शिक्षा अधिकृत श्री नयन सिंह ठकुरी

अधिकृत छैठौं श्री शिव प्रसाद ज्ञवाली

रोजगार संयोजक श्री यज्ञमुर्ति न्यौपाने

संयोजक : सूचना प्रविधि अधिकृत श्री कृष्ण प्रसाद गौतम

सदस्य : कम्प्युटर अपरेटर श्री सुमित्रा भण्डारी

सदस्य : एम.आई.एस. अपरेटर श्री पवन पोखेल

.....................................................................................................................

इमेलः info@chandrakotmun.gov.np, chandrakotrmun@gmil.com

वेवसाइटः www.chandrakotmun.gov.np

फेसबुकः https://www.facebook.com/chandrakotgaunpalika